# पथरी शनिश्चरे नगरपालिका

मोरङ, प्रदेश नं १, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १ मिति : २०७८।०१।२८

भाग–२

पथरी शनिश्चरे नगरपालिका


## पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता नियमावली २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०१।२६
प्रमाणिकरण मितिः २०७८।०१।२८

**प्रस्तावना:** नेपालको संविधानको धारा १७ को उपधारा (२)(घ) ले प्रत्याभूत गरेको नागरिकको मौलिक हकको प्रयोग र सम्मानमा प्रतिबद्ध हुदै, स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को दफा ११ को उपदफा (४) को देहाय (ठ) (२) ले निर्दिष्ट गरेको स्थानीय स्तरका संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी अधिकार क्षेत्र भित्र रही स्थानीयस्तरको सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, सामुदायिक अध्ययन केन्द्र, खेलकुद, परोपकारी तथा एल्मुनाई, टोल विकास संस्था, क्लव तथा स्थायी प्रकृतिका उपभोक्ता समितिहरु समेतको स्थापना, दर्ता तथा नवीकरण गर्न वाञ्छनीय भएकाले पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पथरी शनिश्चरे नगरपालिकाले यो नियमावली बनाएको छ ।

Scanned with CamScanner

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस नियमावलीको नाम "पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता नियमावली २०७८" रहेको छ ।

(२) यो नियमावली पथरी शनिश्चरे नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो नियमावली पथरी शनिश्चरे नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले "पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन २०७७" सम्झनुपर्छ ।

३. <u>दर्ताको लागि निवेदन दिनुपर्ने:</u> पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन २०७७ बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एक हजार दस्तुर तिरेको रसिद सहित संस्था दर्ता अधिकारी समक्ष अनुसुची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. <u>संस्था दर्ता र प्रमाणपत्र:</u> नियम ३ बमोजिम निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछी अनुसूची-३ बमोजिमको प्रमाण-पत्र दिनेछ ।

५. <u>दर्ताको अवधि, नविकरण र दस्तुर:</u> (१) नियम ४ बमोजिम दिएको प्रमाणपत्र एक आर्थिक वर्ष सम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले संस्था दर्ता अधिकारी समक्ष पाँच सय रुपैया दस्तुर तिरी अनुसूची ४ बमोजिमको निवेदन पेश गरी दर्ताको प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिब कारण देखाई दर्ताको प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन आएमा

संस्था दर्ता गर्ने अधिकारीले उपनियम (२) वमोजिम लाग्ने दस्तुरमा देहाय वमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः-

(क) उपनियम (२) वमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु २००।-

(ख) खण्ड (क) को म्याद नाघेपछी असार मसान्त सम्मको लागि रु. ४००।-

(ग) खण्ड (ख) वमोजिमको म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५०० को दरले दुई आर्थिक वर्षको लागि रु १०००।-

(४) उपनियम (२) र (३) मा जुनसुकै मुरा लेखिएको भए तापनि म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाका दरले थप जरीवाना समेत लिई संस्था दर्ता गर्ने अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाणपत्र नवीकरण गर्ने संस्थाले निवेदन दिदा आन्तरिक लेखा परीक्षण प्रतिवेदन करचुक्ताको प्रमाणपत्र तथा विधान वमोजिम संस्थाको साधारण सभाको निर्णय र कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नुपर्नेछ ।

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

लक्ष्मी प्रसाद घिमिरे प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(नियम ३ सँग सम्वन्धित)

<u>निवेदनपत्रको ढाँचा</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालय
पथरी मोरङ

विषयः संस्था दर्ता गरिपाँउ ।

महोदय

हामीले यस पथरी शनिश्चरे नगरपालिका वडा नं ...... मा कार्यालय रहनेगरी ..................... ......... ......... संस्था खोल्न चाहेकोले पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायका विवरण खोली निवेदन पेश गर्दछौ ।साथै प्रस्तावित संस्थाको विधान दुई प्रति यसै पत्र साथ संलग्न छ ।

<u>बिवरण</u>

१. संस्थाको नामः

२. संस्थाको मुख्य उद्देश्यः

३. समितीको नामः

| क.श. | पदाधिकारीको नाम,थर | ठेगाना | ना.प्र.नं.र जिल्ला | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. संस्थाका उद्धेश्य, कार्य विवरण तथा कार्यक्षेत्र

५. आर्थिक स्रोत

६. संस्थाको कार्यालय रहने ठेगाना

भवदीय,

संस्थाको छापः

निवेदकको नामः

पदः

मिति

नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अनुसूची-२

(नियम ४ सँग सम्बन्धित)

दर्ता किताबको ढाँचा

संस्थाको दर्ता किताबः

| क स | दर्ता नं | दर्ता मिति | संस्थाको नाम | संस्थाको ठेगाना | संस्थाको उद्धेश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

रत्नेश्वरी प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

दर्ता मितिः

दर्ता नं .....

श्री अध्यक्ष/सचिव ज्यू

........................................ ।

........................................ (संस्थाको नाम) पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन २०७७ को दफा ४ बमोजिम ............ साल ........ महिना ........ गते दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको सहीः

नाम थरः

दर्जाः

कार्यालयः

## नविकरण

संस्थाको नामः

दर्ता नं र मितिः

ठेगानाः

| नवीकरण गरेको मिति | दर्ता प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अनुसूची-४

(नियम ५ सँग सम्बन्धित)

## नविकरणकालागी दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
पथरीशनिश्चरे नगर कार्यपालिकाको कार्यालय
मोरङ।

विषय: संस्था नवीकरण गरि पाउँ ।

महोदय,

पथरीशनिश्चरे नगरपालिका संस्था दर्ता ऐन २०७७ को दफा ४ अनुसार दर्ता भएको संस्थालाई त्यस कार्यालयमा नवीकरण गराउनु पर्ने भएकोले गरि प्रमाण पत्र उपलब्ध गराई दिन हुन अनुरोध छ ।

विवरणहरु

१. संस्थाको नाम: ........................................................................

२. यस अघि आधिकारिक निकायमा दर्ता वा सूचीकृत भएको भए सोको प्रमाण पत्र नं.........

३. ठेगाना:

(क) स्थायी ठेगाना ............... जिल्ला ............न.पा./गा.पा. वार्ड नं.............. टोल/गाउँ ..........................................

(ख) अस्थायी ठेगाना ............... जिल्ला..........न.पा./गा.पा. वार्ड नं.............टोल/गाउँ ..........................................

४. स्थापना मिति: ..........................

५. कार्य क्षेत्र: ..................................................................................

६. संस्थाको मुख्य उदेश्य:

(क)..................................................................................................

(ख)..................................................................................................

(ग) ..................................................................................................

(घ) ..................................................................................................

७. संस्थाको सञ्चालनबाट समुदायमा पर्ने प्रभाव

(क)..................................................................................................

(ख)..................................................................................................

८. संस्थाको आर्थिक स्रोत: ............................................................

९. बैंक खाता रहेको बैंकको नाम ........................................................बैंक खाता नं...................................

१०. संस्थाको गत आ.व.को लेखा परीक्षण गर्ने लेखा परीक्षकको नामथर ................................ लेखा परीक्षक सदस्यता नं..................न.पा. व्यवसाय दर्ता नं.........ठेगाना.......................संस्थाको नाम:

संस्थाको तर्फबाट उपस्थित आधिकारिक व्यक्तिको

दस्तखत: ..........................

नाम: ................................

ठेगाना: ..................................

नगर कार्यपालिकाको कार्यालय, पथरी, मोरङ, प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गाउँ/टोल: ........................
मितिः ......................
मोवाइल नः ....................
संस्थाको नामः ................
सम्पर्क नम्बरः ......................
संस्थाको छाप

११. संस्थाको आफ्नै भवन भए, भवन रहेको जग्गाको विवरणः पथरीशनिश्चरे नगरपालिका वार्ड नं..............
साविक......................गाविस वडा नं.....कि.नं....... क्षेत्रफल..........

१२. संस्था भाडाको घरमा बसेको भए (वडा कार्यालयमा अभिलेख राखिएको संझौतापत्र अनुसार)घरधनीको नाम ........................................ठेगाना ........................................
मासिक भाडा रकम ...................................................... घरभाडा संझौता मिति ......................

१३. सम्बन्धित वडाको सिफारिसः

<u>संलग्न कागजातः</u>

१. यस अघि दर्ता भएको संस्था/समूह/समितिको दर्ता प्रमाणपत्र वा सूचीकृत प्रमाण-पत्रको छायाँप्रति १ थान
२. संस्थाको विधानको छायाँप्रति १ थान
३. संस्थाको प्रबन्ध समितिको नामावलीसहित संस्था दर्ता÷नवीकरण गराउने निर्णय माइन्युटको छायाँप्रति १ थान
४. संस्थाको आफ्नै भवन भए सम्पतिकरको रसिद वा भाडामा बसेको भए संझौता पत्र र बहालकरको रसिदको छायाँप्रति १ थान
५. संस्थाले स्थायी लेखा नम्बर लिएको भए सोको प्रमाणपत्रको छायाँप्रति १ थान

आज्ञाले
लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत